# त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय
## लुहाम, सल्यान

## वार्षिक प्रगति प्रतिवेदन

# आ. व. २०७९।८०

# आ.व. ०७९/८० को वार्षिक समिक्षा गोष्ठी



सम्पूर्णमा नमस्कार

प्रस्तुतकर्ता

खुम वहादुर के सी

प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालीका, लुहाम, सल्यान

मिति २०८०।०९।०४

# परिचय :

त्रिवेणी गाउँपालिका सल्यान जिल्लाका साविकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ ओटा गाउँ विकास समितिलाई समावेश गरी स्थापना भएको हो । शारदा खोला, लुहाम खोला र अरने खोलाको संगम स्थल त्रिवेणीको नामबाट यस गाउँपालिकाको नाम त्रिवेणी रहेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मी. रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, उत्तरमा छत्रेश्वरी गाउँपालिका र पश्चिम तथा दक्षिणमा कालीमाटी गाउँपालिका र दाङ जिल्ला पर्दछन् ।

# गाउँपालीकाको वित्तिय प्रगती

# आ.व २०७९।८० को आय व्यय विवरण

| शिर्षक | प्रस्तावित आय रु. | वास्तविक आय रु. | कै. |
|---|---|---|---|
| **संघिय सरकार** | ३१,३४,४२,००० | २७,१२,९४,१७० | |
| समानीकरण अनुदान | ८,९०,००,००० | ८,२३,२५,००० | |
| शसर्त अनुदान चालु | १६,४७,४२,००० | १५,५८,९३,७३० | |
| शसर्त अनुदान पुजिगत | २,७७,००,००० | २,४४,५०,००० | |

| शिर्षक | प्रस्तावित आय रु. | वास्तविक आय रु. | कै. |
|---|---|---|---|
| **प्रदेश सरकार** | २,२९,१७,००० | २,२३,९३,२५६ | |
| समानीकरण अनुदान | ८३,७७,००० | ८३,७७,००० | |
| शसर्त अनुदान चालु | २०,४०,००० | १६,६६,११० | |
| शसर्त अनुदान पुजिगत | १,२५,००,००० | १,२३,५०,१४६ | |
| | | | |
| | | | |

| शिर्षक | प्रस्तावित आय रु. | वास्तविक आय रु. | कै. |
|---|---|---|---|
| **आन्तरिक श्रोत** | ५०,००,००० | ४३,६०,९९९.५० | नदीजन्य रु.१७,२०,०१६ |
| अल्या अनुमान | ३,१९,७१,८८७ | ३,१९,७१,८८७.३४ | |
| जम्मा | ४५,२६,०५,९४५ | ३७,९४,८८,२६९ | |

# व्यय विवरण

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु** | २८,३४,८८,५०० | २४,६४,३४,६०७ | ८६.९३ |
| पुजिगत | १६,९१,१७,४४५ | ९,२३,२२,७५९ | ५४.४१ |
| जम्मा | ४५,२३,०५,९४५ | ३३,८४,५७,३६६ | ७४.७७ |
| | | | |
| | | | |

# अन्तर सरकारी अख्तियारी तर्फको वजेट तथा खर्च

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| **समाजिक सुरक्षा** | ७,०५,६९,००० | ६,८९,०२,७५३ | ९७.६३ |
| गरिव सँग विश्वेश्वर कार्यक्रम | ४,६५,००० | ४,५०,५०० | ९६.७७ |
| एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | २,७०,६१,००० | २,६९,६१,००० | ९९.६३ |
| स्थानीयतह प्रशासकीय भवन निर्माण कार्यक्रम | ८०,००,००० | ० | ० |
| जनयुद्ध, जनआन्दोलनमा घाइते, अपाङग तथा सहिद परिवारलाई | ३,८४,००० | ३,६०,००० | ९३.७५ |

# वडा तथा शाखागत बजेट तथा खर्च

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| वडा नं १ | ५४,५०,००० | ४८,५७,९६८ | ८९.१४ |
| वडा नं २ | ५३,५०,००० | ४६,३७,६५१ | ८६.६९ |
| वडा नं ३ | ५४,५०,००० | ४९,२९,६८८ | ९०.४५ |
| वडा नं ४ | ४१,४५,००० | ३३,९६,७३४ | ८१.९५ |
| वडा नं ५ | ५२,५०,००० | ४८,८३,६६७ | ९३.०२ |
| वडा नं ६ | ५२,५०,००० | ४७,३१,६४९ | ९०.९९ |

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| शिक्षा शाखा | १,७३,६०,५०० | १,५१,९३,७११ | ८७.५२ |
| स्वास्थ्य शाखा | ८९,५०,००० | ५५,३८,४३१ | ६१.८८ |
| कृषि शाखा | ५३,८०,००० | ४६,७६,५८८ | ८६.९३ |
| पशुपन्छी शाखा | ४४,७०,००० | ४३,८७,९९१ | ९८.१७ |
| महिला तथा वालविकाश शाखा | ३०,००,००० | २१,५५,७८७ | ७१.८६ |
| | | | |

# क्षेत्रगत बजेट तथा खर्च

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| **आर्थिक विकास** | **३,७०,८०,०००** | **३,४६,१९,१५७** | **९३.३६** |
| कृषि | १,०२,८०,००० | ८८,३६,०१६ | ८५.९५ |
| उद्योग | ३०,००,००० | २९,५३,७०४ | ९८.४६ |
| पर्यटन | १,००,००० | ७०,१०० | ७०.०९ |
| जलश्रोत तथा सिंचाई | १,९१,३०,००० | १,८२,७१,८०६ | ९५.५१ |
| पशुपन्छी विकास | ४५,७०,००० | ४४,८७,५३१ | ९८.२ |

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| सामाजिक विकास | २०,५१,३२,५०० | १७,४५,९९,२७६ | ८५.१२ |
| शिक्षा | १३,६९,३६,५०० | १२,१२,४९,३९५ | ८८.५४ |
| स्वास्थ्य | ३,४६,८०,००० | २,८४,४६,००५ | ८२.०२ |
| खानेपानी तथा सरसफाई | २,२७,५३,००० | १,५६,५३,०९१ | ६८.८ |
| भाषा तथा संस्कृति | २०,५०,००० | १९,७२,५३३ | ९६.२२ |
| लैंगिक समानता तथा सामाजिक समावेशीकरण | ४८,१३,००० | ३५,४१,७८४ | ७३.५९ |
| युवा तथा खेलकुद | ३४,००,००० | ३२,५६,७०८ | ९५.७९ |
| सामाजिक सुरक्षा तथा [illegible] | [illegible] | [illegible] | [illegible] |

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| पूर्वाधार विकास | १०,५४,१४,४४५ | ४,४६,५१,६७३ | ४२.३६ |
| यातयात पूर्वाधार | ६,१५,७२,००० | २,१४,५७,९५४ | ३४.८५ |
| भवन, आवास तथा सहरी विकास | ३,९८,७५,४४५ | १,९५,४२,४३१ | ४९.०१ |
| उर्जा | १०,००,००० | ९,९९,९६० | १०० |
| सम्पदा पूर्वाधार | १,००,००० | ९५,००० | ९५ |
| बिज्ञान तथा प्रबिधि | १३,००,००० | १२,९२,४०५ | ९९.४२ |
| पुननिर्माण | १५,६७,००० | १२,६३,९२३ | ८०.६६ |

| शिर्षक | वार्षिक बजेट रु. | खर्च रु. | खर्च प्रतिशत |
| --- | --- | --- | --- |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,२४,९३,००० | २,१२,९२,१३० | ९४.६६ |
| वातावरण तथा जलवायु | २,७५,००० | २,६१,९६८ | ९५.२६ |
| विपद व्यवस्थापन | ३,००,००० | २,५४,००० | ८४.६७ |
| श्रम तथा रोजगारी | २,०२,१८,००० | १,९१,८०,९६२ | ९४.८७ |
| प्रशासकीय सुशासन | १६,००,००० | १५,९५,२०० | ९९.७ |
| वित्तीय सुशासन | १,००,००० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,२४,८६,००० | ६,३२,९५,१३० | ७६.७३ |

| शाखा | प्रगती | |
|---|---|---|
| | क्रियाकलाप | प्रगति % |
| शिक्षा शाखा | शिशु शिक्षक तालीम र वालविकास कक्षाका लागि पाठ्यपुस्तक तथा शैक्षिक सामग्री वितरण कार्य गरिएको । | ८९ |
| | गाउँपालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद कार्यक्रम सञ्चालन गरिएको । ३४ वटा विद्यालयका शिक्षकको लागि आइसीटी र वालविकास शिक्षकको लागि क्षमता अभिवृद्धि सम्वन्धी तालिम संचालन भएको । | |
| | गाउँपालिका स्तरीय शिक्षक दरबन्दी मिलानको लागी आवश्यक कार्यविधि जारी गरी जहाँ विद्यार्थी त्यहा शिक्षकको अवधारणा अनुरुप दरवन्दी मिलान कार्य सम्पन्न गरिएको । | |



विद्यार्थिको अन्तरनिहित प्रतिभा पहिचान कार्क्रम



अध्यक्षकप तथा राष्ट्रपति रनिङसिल्ड प्रतियोगिता




दरवन्दि मिलान समिति विद्यालय अनुगमनमा



जनता मा.वि काभ्रा कक्षाकोठा अनुगमनमा

| | | |
|---|---|---|
| स्वास्थ्य शाखा | PNC Home visit, महिला स्वास्थ्य स्वयम सेविका दिवस, जेष्ठ नागरिक घरभेट कार्यक्रम, स्वास्थ्यकर्मिहरुलाई HMIS / eLIMS तालिम । सार्वजनिक विदामा स्वास्थ्य संस्था खुल्ला रहने। | ७७ |
| | सुत्केरी हुन स्वास्थ्य संस्था आउन निशुल्क एम्वुलेन्स सेवा सञ्चालन गरिएको ।सवै वडामा प्रसुति सेवा केन्द्र सञ्चालनमा रहेको ।EHIRRS Software सञ्चालनमा आएको । | |
| | सवै स्वास्थ्य संस्थाहरुबाट इम्पलान्ट सेवा शुरु गरिएको ।गर्भवती महिलाहरुको लागि भिडियो एक्सरे सेवा संचालन गरिएको । | |
| | एम वि वि एस वाट स्वास्थ्य सेवा प्रवाह गरिएको ।स्वास्थ्य चौकिहरुलाई आवश्यक औषधी आपूर्ति कार्य गरिएको । पोषणमैत्री स्वास्थ्य संस्था | |

# पालिकाको नीतिगत दस्तावेज तथा समितिहरूको अवस्था

| दस्तावेज | अवस्था | जारी मिति |
|---|---|---|
| पालिकाको स्वास्थ्य नीति बने/नबनेको | **बनेको** | |
| पालिकाको सरसफाइ सम्बन्धी मापदण्ड तयार गरिएको/ नगरिएको | **गरिएको** | |
| पालिकाको आवधिक योजना बने/नबनेको | **बनेको** | |
| पालिकाको वार्षिक स्वास्थ्य योजना बने/नबनेको | **बनेको** | |
| पालिकाको संगठनात्मक तथा मानव संशाधन संरचना (Organogram) बने/नबनेको | **बनेको** | |
| | | |




कुपोषित वच्चाको उपचार कक्ष




प्रसुति घरभेट कार्यक्रम अन्तर्गत
स्वास्थ्य अवस्था परीक्षण गर्दै

# स्वास्थ्य शाखा प्रमुख सहितको उपस्थितिमा म.स्वा.से.को मासिक बैठक



# दश शैयाको स्वास्थ्य भवन निर्माणाधिन अवस्थामा रहेको






# नर्मल तरिकाले जुम्ल्याह बच्चाको जन्म भएको









## आ.व २०७९।०८० मा पशु सेवा शाखा अन्तरगत सम्पादन भएका मुख्य मुख्य कार्यहरु :

- कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तरगत ३ वटा सहकारीबाट २ करोड तेह्र लाख सत्र हजार नौ सय आठ रुपैया बराबरका खसी बाह्य बजारमा बिक्री गरिएको ।
- कृषि तथा पशुपालन व्यवसायलाई मर्यादित तथा प्रतिस्पर्धात्क पेशाको रुपमा विकास गर्नको लागि गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमबाट ३ जना पशुपालन र ३ जना कृषि व्यवसाय गर्ने कृषकहरुलाई पुरस्कार तथा सम्मान कार्यक्रम गरिएको ।
- गाउँपालिका स्तरीय बाख्रा, भैंसी र कुखुरापालन तालिमबाट ६० जना र स्थलगत बाख्रापालन तालिममा ६१ जरी जम्मा १२१ जना कृषकहरुको व्यावसायिक सिप अभिबृद्धि कार्य गरिएको ।
- पशु सेवा शाखा लुहाम र काभ्राबाट १०,७९२ जना कृषकहरुका ८३,१०५ पशुपन्छीहरुलाई निशुल्क औषधी वितरण गरिएको छ ।
- महामारीको रुपमा फैलिएको लम्पी स्किन रोगबाट संक्रमित भएका २२५५ गाई गोरुको निशुल्क उपचार सेवा प्रदान गरिएको छ भने ४०० उक्त रोग विरुद्धको खोप लगाइएको छ ।

## आ.व २०७९।०८० मा पशु सेवा शाखा अन्तरगत सम्पादन भएका मुख्य मुख्य कार्यहरु :

- पशु सेवा शाखाबाट संचालन भएका २ वटा शिविरबाट ३३४ जना कृषकहरुका ८४५६ वटा पशुपन्छीहरुलाई औषधी वितरण, उपचार तथा खोप सेवा प्रदान गरिएको छ ।
- बाख्राको साना व्यावसायिक पकेट विकास कार्यक्रम अन्तरगत पकेट समुहका ६७ जना कृषकहरुलाई १०४ वटा माउ बाख्रा, ४ जना कृषकहरुलाई नश्ल सुधारको लागि उन्नत बोका वितरण गरिएको छ भने १४ वटा बाख्राका खोर सुधार भएको छ ।
- कृतिम गर्भाधान मिसन कार्यक्रम अन्तरगत ४० वटा भैसी, २६ वटा गाई र १० वटा बाख्रा गरी जम्मा ७६ वटा पशुहरुको नश्ल सुधार गरिएको छ ।
- जै घाँसको वीउ उत्पादन कार्यक्रमले पालिकालाई आवश्यक पर्ने वीउ उपलब्ध भई छत्रेश्वरी र कपुरकोट गाउँपालिकामा १५ कुइन्टल वीउ निर्यात गरिएको छ ।

## आ.व २०७९।०८० मा पशु सेवा शाखा अन्तरगत सम्पादन भएका मुख्य मुख्य कार्यहरु:

- त्रिवेणी गाउँपालिका र पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानको लागत साझेदारीमा संचालन भएको भैसी पकेट कार्यक्रमबाट १५ जना कृषकहरुलाई १५ वटा मुर्रा जातका भैसी वितरणले पालिका भित्र दुध उत्पादन बृद्धि भएको छ।
- ५० प्रतिशत अनुदानमा ५ वटा लोकल कुखुराको फर्म सुधार, ४ वटा बंगुरको खोर सुधार भएको छ।
- दुधको बजारीकरण गर्नको लागि गाउँपालिकाको अनुदानमा रिखेबजारमा दुध संकलन केन्द्र स्थापना भएको छ।
- मत्स्य विकास कार्यक्रम अन्तरगत ५०% अनुदानमा ११७००० गोटा माछाका भुरा वितरण गरिएको छ भने १ वटा पोखरीको मर्मत गरिएको छ।
- बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत ६० जना सुनौला हजार दिनभित्रका आमाहरुलाई ८ हप्ते कुखुरा वितरण गरिएको छ भने ४० जनालाई अर्धवन्देज खोर निर्माणको लागि ग्रिन नेट वितरण गरिएको छ।

## आ.व २०७९।०८० मा पशु सेवा शाखा अन्तरगत सम्पादन भएका मुख्य मुख्य कार्यहरु:

- एकल, विपन्न तथा लक्षित वर्गका कृषकहरुको आयआर्जन बृद्धि गर्न ३० जना कृषकहरुलाई २१ वटा बाखा र १८ वटा बंगरका पाठापाठी वितरण गरिएको छ ।
- किसान सूचीकरण कार्यक्रम मार्फत वास्तविक किसान पहिचान गर्ने उद्देश्यले **२३६८** जना कृषकहरुको विवरण संकलन कार्य सम्पन्न भएको छ ।
- ४९२ पशुहरुको **१,६६,४०,५५०** रुपैया बराबरको पशुधनको वीमा गरिएको छ ।






लक्षित वर्ग विशेष पशुपालन कार्यक्रम अन्तरगत बाखा र बंगुरका पाठापाठी वितरण कार्यक्रम






पशु स्वास्थ्य शिविर कार्यक्रम त्रिवेणी ५ सिम्के र त्रिवेणी २ कारागिठी













गाउँपालिका स्तरीय र स्थलगत पशुपन्छीपालन तालिम




गाउँपालिका को अनुदानमा दुध संकलन केन्द्र स्थापना



बाख्राको खोर सुधार कार्यक्रम



लागत साझेदारीमा बंगुरको खोर सुधार कार्यक्रम



लागत साझेदारीमा लोकल कुखुराको खोर सुधार कार्यक्रम




व्यावसायिक कृषकहरुलाई निशुल्क जै बर्षिमको घाँस वितरण कार्यक्रम



कृषकले लगाएको बर्षिम घाँसको अनुगमन



बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत ४ नं वडामा कुखुरा वितरण कार्यक्रम




छिमेकी पालिकामा जै घाँसको विउ निर्यात गर्दै






गाउँपालिका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार वितरण कार्यक्रम







कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तरगत सहकारी मार्फत कृषकहरुलाई अनुदान वितरण कार्यक्रम




प्राविधिकहरुबाट लम्पी स्किन रोगको उपचार गर्दै




भुसिया कुकुरहरुमा निशुल्क रेविज खोप संचालन





कृतिम गर्भाधानबाट जन्मिएका बाच्छा र पाडी





गाई र भैसीमा कृतिम गर्भाधान गर्दै

# उपहार सामाजिक उद्यमी महिला सहकारी संस्थालाई बाख्रा र बोका हस्तान्तरण










# प्रगति कृषि तथा पशुपन्छी समुहलाई बाख्रा,बोका र मिनिरल हस्तान्तरण










# समाज सुधार कृषकसमुहलाई बाख्रा,बोका र मिनिरल हस्तान्तरण










# किसानलाई उन्नत जातका भैंसी

❑ बुद्धि पुन

सल्यान, १२ असार । एक पालिका, एक पशु वस्तु उत्पादन कार्यक्रम अन्तरगत सल्यानको त्रिवेणी गाउँपालिकामा उन्नत जातका भैंसी वितरण गरिएको छ ।

त्रिवेणी गाउँपालिका, पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यान र स्थानीयको लागत साझेदारीमा त्रिवेणी गाउँपालिका-३ मा रहेको शारदा भैंसीपालक कृषक समूहका सदस्यहरुलाई १५ वटा उन्नत जातका भैंसी हस्तान्तरण गरिएको हो । दूधमा आत्मनिर्भर बनाउन र कृषिमा किसानहरूको आकर्षण बढाउन उन्नत जातका भैंसी हस्तान्तरण गरिएको पशु अस्पताल तथा पशु सेवा कार्यालय सल्यानका प्रमुख गोविन्दबहादुर महतले जानकारी दिनुभयो । परम्परागत पशुपालनलाई व्यावसायिक बनाउन उन्नत जातका भैंसी वितरण गरिएको उहाँको भनाइ छ ।



खिमबहादुर रावतले बजारमा दूधको माग बढ्दै गएकाले भैंसीपालनलाई व्यवस्थित र किसानलाई प्रोत्साहित गर्दै आएको बताउनुभयो । व्यावसायिक पशुपालनमा किसानलाई आकर्षित गर्ने र किसानको आयस्तर वृद्धि गर्ने

वितरण गरिएको उहाँको भनाइ छ । पशु अस्पताल तथा पशु सेवा कार्यालयको रु. १५ लाख, गाउँपालिकाको रु. ३ लाख र स्थानीयको रु. चार लाख ४० हजार गरेर रु. २२ लाख ५० हजारमा उन्नत जातका भैंसीका साथै मिल्क क्यान,

पनि वितरण गरिएको छ भैंसी वितरण कार्यक्रममा प्रमु प्रशासकीय अधिकृत रामबहादु बुढा, त्रिवेणी गाउँपालिका-३ क अध्यक्ष कर्णबहादुर डाँगी, प सेवा शाखा प्रमुख बसन्त रावत समूहका अध्यक्ष खिमबहादु शाहलगायतको सहभागित

# एकै दिन पाँच हजार ७५७ पशुपंक्षीको उपचार




सल्यान (बुटवलटुडे), ९ फागुन- पशुपन्छी सेवालाई किसानको घरदैलोमा पुर्याउने उद्देश्य अनुरूप सल्यानको त्रिवेणी गाउँपालिकामा एकै दिन साढे पाँच सय बढी पशुपन्छीलाई औषधि वितरण गरिएको छ। मंगलबार गाउँपालिकाले वडा नम्बर ५ स्थित सिम्कमा सञ्चालन गरेको निःशुल्क पशु स्वास्थ्य शिविरमा पाँच हजार ७०८ पशुपन्छीलाई औषधि वितरण सगै ४९ कुकुरलाई रेविज विरुद्धको खोप लगाइएको पशुपन्छी विकास शाखाका प्रमुख वसन्त रावतले जानकारी दिए।

उनका अनुसार एकै दिन दुई हजार ६४३ बाखा, दुई हजार ८८९ कुखुरा, १३७ गाई गोरु र ३९ भैंसीलाई निःशुल्क औषधि विरण गरिएको छ भने ४९ कुकुरलाई रेविज विरुद्धको खोप लगाइएको हो। यसबाट २१२ जना किसान लाभान्वित भएको गाउँपालिकाले जनाएको छ।

वडा नम्बर ५ का वडा अध्यक्ष विमल रावतका अनुसार शिविर उद्‌घाटन गर्दै त्रिवेणी गाउँपालिकाका अध्यक्ष खिम बहादुर रावतले पशुपन्छी विकास शाखाको सेवाबाट टाढा रहेका वस्तीहरूमा गाउँपालिकाले पशु स्वास्थ्य शिविर सञ्चालन गर्दै आइरहेको बताए। उनले पशुपालनलाई व्यवस्थित र व्यवशायीक बनाउन सकेमा किसानको आर्थिक अवस्थालाई माथि उठाउन सकिने धारणा राखेका थिए।

# एकै वर्षमा दुई करोडका खसीबोका बिक्री

❑ बुद्धि पुन

सल्यान, ११ असार । सल्यानको त्रिवेणी गाउँपालिकामा रहेका तीनवटा सहकारीले एक वर्षमा दुई करोड बढी मूल्यका खसीबोका बिक्री गरेका छन् ।

सहकारीमा आबद्ध महिलाले उत्पादन गरेका खसीबोका एकमुष्ट संकलन गरेर सहकारीमार्फत नै व्यापारीलाई बिक्री गरिएको हो । जिल्लाको त्रिवेणी गाउँपालिकामा रहेका तीन सहकारी र दुई फर्मले एक वर्षमा एक हजार एक सय १९ खसी बिक्री गरेका हुन् । दुर्गा भवानी सामाजिक उद्यमी महिला सहकारीले सबैभन्दा धेरै छ सय १०, उपहार सामाजिक उद्यमी महिला सहकारी संस्थाले तीन सय, नमुना सामाजिक उद्यमी महिला सहकारी संस्थाले एक सय ६९ र युवा जागरण बाख्रापालन फर्मले ४० खसी बिक्री गरेको त्रिवेणी गाउँपालिकाले जनाएको छ । जसबाट सहकारीमा आबद्ध महिलाहरुले दुई करोड १३ लाख १७ हजार नौ सय ८ रुपैयाँ आम्दानी गर्न सफल भएका छन् ।

सहकारीमा आबद्ध महिलाले उत्पादन गरेका खसीबोका सहकारीको मासिक बैठकमा डाटा संकलन गरेर निश्चित



तौलिएर बेच्ने गरेको दुर्गा भवानी सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष भोजकुमारी बुढाथोकीले बताउनुभयो । बजारीकरणमा समस्या नहोस् भन्नका लागि आफूहरूले सहकारीमार्फत यो काम शुरु गरेको नमुना सामाजिक उद्यमी महिला सहकारी संस्थाकी सीताकुमारी रोकाले बताउनुभयो । सहजताका लागि सहकारी र व्यापारीको समन्वयमा एउटा निश्चित भाउ कायम गरी जिउँदो खसीबोका तौलेर बजार पठाउने कार्यले बजारीकरणको समस्याबाट मुक्ति मिलेको त्रिवेणी गाउँपालिकाले

व्यावसायिक बाख्रापालनमा जोड दिन थालेपछि आर्थिक क्षेत्रमा उनीहरू अब्बल बन्दै गएको त्रिवेणी गाउँपालिकाका पशु सेवा शाखा प्रमुख बसन्त रावतले बताउनुभयो ।

कृषकहरूलाई कृषि र सहकारीतर्फ आकर्षित गर्न गाउँपालिकाको सहकारीमार्फत खसीबोका बेच्ने किसानलाई प्रतिकिलो २० रुपैयाँ अनुदान दिँदै आइरहेको उहाँको भनाइ छ । किसानले वार्षिक न्यूनतम जिउँदो एक सय किलो बराबरको खसी बिक्री गर्नुपर्ने नीति बनाइएको रावतले बताउनुभयो । समेकित गाउँपालिकाले कृषि क्षेत्रको

गर्दै छ किसानलाई सम्मान गरेको छ । ६ जना किसानहरुलाई गाउँपालिकाका अध्यक्ष उत्कृष्ट कृषक पुरस्कारबाट सम्मान गरिएको हो । सम्मानित हुनेमा त्रिवेणी बहुउद्देश्यीय कृषि फर्मका नेत्र प्रकाश पुन, जनसेवा भैंसी फर्मका शालिकराम महतरा, सल्लेरी कृषि तथा पशुपंक्षी फर्मका तुलसीराम बुढा, न्यू रावत कृषि तथा पशुपंक्षी फर्मका चेतबहादुर रावत, आशिक भैंसी तथा पशुपंक्षी फर्मकी उत्तमी पुन र शिवा बाख्रा पालन फर्मका पृथ्वीबहादुर ओली रहनुभएको छ ।

उत्कृष्ट हुने किसानलाई २० हजार नगदसहित सम्मान गरिएको गाउँपालिका अध्यक्ष खिमबहादुर रावतले जानकारी दिनुभयो । यस्तै तीन सहकारीलाई कृषकको उत्पादन गाउँपालिकाको अनुदान वितरण तथा सम्मान गरिएको छ । उपहार सामाजिक उद्यमी महिला सहकारी संस्था, दुर्गा भवानी सामाजिक उद्यमी महिला सहकारी र नमुना सामाजिक उद्यमी महिला सहकारी संस्थालाई सम्मान गरिएको उहाँको भनाइ छ । गाउँपालिकाले ४८ किसानको बिमा प्रिमियम अनुदान समेत वितरण गरेको छ । पालिकाभित्रका विभिन्न ४८ किसानले गरेको बिमाबापतको एक करोड ५० लाख २० हजार पाँच सय ५० मध्ये पालिकाले ७८ हजार पाँच

# घरछेउमै किसानलाई पशुपंक्षी सेवा

❙ शंकर केसी

सल्यान, २० माघ।

सल्यानको त्रिवेणी गाउँपालिकाले वडास्तरमा संचालन गरेको पशु स्वास्थ्य शिविरमा १२२ जना किसानले लाभ प्राप्त गरेका छन्। शुक्रबार वडा नम्बर २ को गैरागिठिमा आयोजना गरिएको शिविरमा पशुको उपचार, बन्ध्याकरण, औषधि वितरण सँगै रेविज विरुद्धको खोप लगाइएको पशुपंक्षी विकास शाखाले जनाएको छ। निःशुल्क पशु स्वास्थ्य शिविरमा एक हजार १९० बाख्रा, ९८१ कुखुरा, ११४ गाइगोरु र सातवटा भैंसीलाइ औषधि वितरण गरिएको गाउँपालिकाका पशु विकास शाखा प्रमुख बसन्त रावतले जानकारी दिए। उनका अनुसार १० वटा बोकाको बन्ध्याकरण गरिएको थियो भने नौ वटा कुकुरलाइ रेविज विरुद्धको खोप लगाइएको थियो।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सीता खड्का पुनले शिविरबाट पशुपालक किसानले आफ्नै गाउँठाउँमा सेवा पाएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमलाइ निरन्तरता दिने बताइन। यस्तै वडा नम्बर २ का वडाध्यक्ष हस्त बहादुर रामजाली व्यवसायिक रुपमा पशुपालनमा लाग्नुपर्नेमा जोड




दिए। पशु सेवा शाखाभन्दा टाढाका बस्तिमा गाउँपालिकाले यस प्रकारका कार्यक्रम संचालन गर्दै आएको छ। गाउँपालिकाले वडा नम्बर ५ मा पनि पशु स्वास्थ्य शिविर संचालनको तयारी गरेको छ।

त्रिवेणी गाउँपालिका पशु सेवा शाखाले सम्पादन गरेका कामहरुको विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरु

| | |
|---|---|
| | वर्षे आलु प्रबर्द्धन कार्यक्रम अन्तर्गत १२ महिला र १५ पुरुष गरी जम्मा २७ जनाले ८९० क्वीन्टल आलु उत्पादन गरी २६ लाख ७० हजार आम्दानी गरेका । |
| **कृषि शाखा** | कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम अन्तर्गत विक्रि परिमाणका आधारमा अनुदान वितरण गरिएको । उक्त अनुदान कार्यक्रमबाट कृषकहरुले तरकारी ३८८७ क्वीन्टल उत्पादन गरी रु १,१६,५७,९९५ आम्दानी गरेका साथै सुन्तला, किवी तथा अन्य फलफुल विक्रिबाट रु. ७७ लाख ५७ हजार वरावरको आम्दानी प्राप्त भएको । |
| | तरकारी तथा सुन्तला जातका साना व्यवसायिक पकेट विकास कार्यक्रम सम्पन्न भएको ।<br>व्यवसायिक फलफूल प्रवर्द्धन कार्यक्रम सम्पन्न भएको । |
| | आकास्मिक वाली संरक्षण सेवा निरन्तर |

# वार्षिक वित्तिय प्रगति विवरण.....

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | वर्षे आलु वाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | २००००० | २००००० | १००.०० | (२७ जना महिला १२ पुरुष १५) ८९० क्वीन्टल को रु २६,७०,०००।(१५० रोपनी) |
| ६ | खाद्यान्न वाली प्रवर्द्धन कार्यक्रम (खाद्यान्न वालीको ५० प्रतिशत अनुदानमा मुल तथा उन्नत वीउ लगायत अन्य आवश्यक सामाग्री वितरण) | पटक | २ | २००००० | १२४७५० | ६२.३८ | ९५ जना महिला ७० पुरुष २५ |
| ७ | कृषि यान्त्रिकरण हस्तान्तरण प्रवर्द्धन कार्यक्रम (५०% अनुदानमा कृषिमा क्षेत्रमा प्रयोग हुने सम्पूर्ण मेशिनरी उपकरण हस्तान्तरण गर्ने) | पटक | २ | १०००००० | ९८०००० | ९८.०० | २७ जना महिला १२ पुरुष १५ |
| ८ | मसला (प्याज लसुन) वाली प्रवर्द्धन कार्यक्रम (लागत सहभागितामा मुल तथा उन्नत वीउमा अनुदान) | पटक | १ | १२६००० | १२६००० | १००.०० | १७४ जना महिला ७६ पुरुष ९८ |
| ९ | व्यवसायिक च्याउ प्रवर्द्धन कार्यक्रम (७५% अनुदानमा कन्य तथा सिताके च्याउको वीउ वितरण) | पाकेट | १५०० | १००००० | १००००० | १००.०० | ३६१ जना महिला २१४ पुरुष १४७ |
| १० | कृषि सेवा केन्द्र काभ्राको कम्पाउण्ड भित्र कृषि बगैचा स्थापना कार्यक्रम | पटक | १ | १००००० | १००००० | १००.०० | |

# वार्षिक वित्तिय प्रगति विवरण......

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | विपन्न वर्ग लक्षित आय आर्जन मुलक कार्यक्रम (निशुल्क फलफूल तरकारी नगदेवालीसँग सम्वन्धित क्रियाकलाप सञ्चालन गर्ने) | पटक | १ | २००००० | १९९००४ | ९९.५० | २५ जना महिला १७ पुरुष ८ |
| १४ | कृषि विमामा ५० प्रतिशत अनुदान | पटक | २ | ५०००० | ० | ०.०० | |
| १५ | आकस्मिक वाली संरक्षण तथा प्लान्ट क्लिनिक सञ्चालन | पटक | ३ | ३००००० | २९९४४० | ९९.८१ | ५२५ जना महिला २८४ पुरुष २४१ |
| १६ | शाखाको विविध खर्च | | १ | ५०००० | ५०००० | १००.०० | |
| १७ | कृषि सेवा केन्द्र मर्मत तथा विद्युत जडान | पटक | ३ | १००००० | ९९५७६ | ९९.५८ | |
| १८ | तालिम तथा गोष्ठी सञ्चालन | पटक | १ | २००००० | ० | ०.०० | |
| १९ | लागत साझेदारीमा आधारित कृषि कार्यक्रम | पटक | १ | २२४००० | १२३७९५ | ५५.२७ | ५० जना महिला २९ पुरुष २१ |
| २० | कृषकको उत्पादन गाँऊपालिकाको अनुदान तथा प्रोत्साहन कार्यक्रम | पटक | १ | ३००००० | २९५०४० | ९८.३५ | ४७० रोपनी (७९जना महिला ३१पुरुष ४८ ) तरकारी ३८८७ क्वीन्टल को ११६५।७९९५। |

# कार्यक्रममा लिईएका तस्बिरहरु






आर्थिक प्रशासन शाखा-४














उद्यमी महिला सहकारी संस्था लिमिटेड


हरियाली
ताजा तरकारी उत्पादन कृषक समूह




१ दिने तालिम






HYMARK





| | | |
|---|---|---|
| | उपभोक्ता समितिका पदाधिकारीहरुको लागि १ दिने अभिमूखिकरण तालिम सम्पन्न गरिएको । | |
| **योजना तथा पूर्वाधार शाखा** | गाउँपालीकाले यस वर्ष साना ठूला गरी जम्मा २०७ वटा योजना सम्पन्न गरेको । | |
| | स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत वडा नं ६ लुहाममा १० सैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको । | |
| | खज्जर लिफ्ट खानेपानी आयोजना र वडा नं ६ को वडा कार्यालय भवनको टेन्डर प्रकृया पुरा गरी निर्माणाधीन अवस्थामा रहेको । | |
| | ४ वटा आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयारी गर्ने कार्य सम्पन्न भएको । | |
| | राष्ट्रपति शैक्षीक सुधार कार्यक्रम अन्तर्गत वडा नं १ को सरस्वती आ.वि कोलचौर र वडा नं ४ को मा.वि रेखको विद्यालय भवन निर्माण कार्य सम्पन्न भएको । | |
| | समपूरक कार्यक्रम अन्तरगत ढुङगीबजार देखी पिमखोला हुदै दाङ जोडने सडक | |

# गत आ.व.मा संचालित योजनाको विवरण

| क.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाको गौरवका आयोजनाहरु | २ वटा | प्रशासकीय भवन, १० शैया स्वास्थ्य भवन |
| २ | एक करोड देखी २ करोड सम्मका आयोजनाहरु | २ वटा | पिमखोला सडक, खज्जर लिफ्ट खा.पा. |
| ३ | पचास लाख देखि १ करोड सम्मका योजनाहरु | ४ वटा | गर्ल्स होस्टेल, ६नं.वडा भवन, ने.रा.मा.वि. |

# गा.पा. तथा वडाका आयोजनाको विवरण

| क.सं. | विवरण | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | नयाँ भवन निर्माण | संख्या | ४ | |
| २ | नयाँ सडक ट्र्याक ओपन | मिटर | ९०९० | |
| ३ | सडक स्तर उन्नती | मिटर | १८४० | |
| ४ | गोरेटो बाटो निर्माण | मिटर | ७९६ | |
| ५ | सिंचाई कुलो निर्माण | मिटर | ७०६६ | |
| ६ | खानेपानी टंकी निर्माण | संख्या | ३१ | |

# क्रमश...

| क्र.सं. | विवरण | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| ८ | धारा जडान | संख्या | ५९ | |
| ९ | नाला सुधार | मिटर | २८ | |
| १० | सिंचाई पोखरी | संख्या | १ | |
| ११ | ग्याविन तार जाली | मि.स्क्वा. | १२१८ | |
| १२ | मेशिनरी वाल | मिटर | १६१ | |

# गाउँपालिका प्रशासकीय भवन निर्माणाधिन अवस्था













ने.रा.मा.वि.फलावाङ विद्यालय भवन निर्माण





सरस्वती प्रा.वि. कोल्चौर विद्यालय भवन निर्माण

# स्तर उन्नती सडक मख्खन टाकुरी, ढोरचौर









मनकामना सहकारी भवन निर्माण फलावाङ










श्री राधेराधे भवन निर्माणधिन

## स्तर उन्नती सडक मखन टाकुरी, ढोरचौर







REDMI NOTE 10S
24/06/2023 14:21

REDMI NOTE 10S
23/05/2023 08:54

REDMI NOTE 10S
24/06/2023 17:36







नयाँ ट्र्याक ओपन














खानेपानी संरचना निर्माण













# महिला विकास शाखाका कार्यक्रमका उपलब्धीहरु

- लक्षित वर्गका महिला, बालबालिका, दलित, मुस्लिम, अपांग, जनजातिहरुको संजाल निर्माण गरीएको छ ।
- सीपमुलक तालिम कार्यक्रमबाट ४३ जना महिलाहरुलाई बुनाई सम्बन्धी होजेरी तालिम सम्पन्न गरिएको ।
- शारीरिक रुपमा अशक्त विशेष किसिमका २४ जना व्यक्तिहरुलाई वाँसको मुडा र गुडिया निर्माण सम्बन्धी तालिम प्रदान गरिएको ।
- लैंगिक हिंसा विरुद्धको १६ दिने सचेतना अभियान कार्यक्रम अन्तर्गत ६वटै वडाहरुमा अन्तरक्रिया कार्यक्रम संचालन गरी जनचेतना अभिबृद्धि गर्ने कार्य गरिएको ।
- अपांग परिचय पत्र वितरण सम्बन्धी मासिक बैठकबाट २१ जना ब्यक्तिहरुलाई कार्ड वितरण गरिएको छ।
- छोरी सुरक्षा कार्यक्रमबाट १५० जना छोरीहरुको खाता संचालन गरिएको छ ।

# महिला समुह गठन कार्यक्रमका










# बुनाई सम्बन्धी तालिम











# गुडिया निर्माण र होजीयारी सम्बन्धी तालिम









| | |
|---|---|
| **प्रधानमन्त्री रोजगार शाखा/मुख्यमन्त्री रोजगार शाखा** | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३२ वटा योजनाहरु संचालनको माध्यमबाट रोजगार सेवा केन्द्रमा सूचिकृत २२८ जना महिला तथा ८२ जना पुरुष गरी जम्मा ३१० जना वेरोजगारहरुलाई रोजगार श्रृजना गरिएको । |
| | मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३ वटा सिचाई कुलो तथा २ वटा खानेपानीका आयोजना सम्पन्न गरिएको । |
| | मुख्यमन्त्री रोजगार कार्यक्रमबाट १२८ जना महिला र १०५ जना पुरुष गरि जम्मा २३३ जना व्यक्तिहरु लाभान्वित भएका । |

# प्रधानमन्त्री रोजगार कार्यक्रमका केही तस्वीरहरु








OPPO F17 Pro

# मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तगरगत संचालन भएका आयोजनाहरुका केहि तस्वीहरु :






OPPO F17 Pro




OPPO F17 Pro

OPPO F17 Pro

| | | |
|---|---|---|
| **लघु उद्यम विकास शाखा** | वडा नं १ मा ४ वटा र वडा नं ४ मा २ वटा सिलाइ पसल सञ्चालन गरी १० जना लाई रोजगारी प्रदान गरिएको । | |
| | वडा न ३ मा चप्पल उत्पादनको लागि चप्पल उद्योग स्थापना भएको । | |
| | ४० जना पुराना र ८० जना नया लघु उद्यमीको स्तरोन्नतीको सिप विकास तालिम सम्पन्न । | |
| **न्याय शाखा** | चालु आ.व मा दर्ता भएका २३ वटा उजूरीहरुमा १७ वटा फछ्र्यौट भएका । | |
| **स्थानीय राजस्व शाखा** | चालु आ.व २०७९ मा जम्मा रु.५० लाख आन्तरिक राजस्व प्रक्षेपण गरिएकोमा रु.४३ लाख ६० हजार ९ सय ९९ रुपैया आन्तरिक राजस्व संकलन भएको । | |

| | | |
|---|---|---|
| **पन्जिकरण शाखा** | ३३५६ जना (जेष्ठ नागरिक, एकल महिला, दलित, शारीरिक रुपमा अशक्त तथा वालवालिका ) हरुलाई वार्षिक रु.६,८९,०२७५३ रकम सामाजिक सुरक्षा भत्ता स्वरुप बैकं मार्फत वितरण भएको ।<br>शत प्रतिशत नागरिकलाई सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ताको पहुँचमा ल्याउनको लागी प्रत्येक वडा कार्यालयमा घटना दर्ता सप्ताह अभियान संचालन गरिएको । | |
| | अव्यवस्थित बसोवासी, भूमिहिन दलीत, भूमिहिन सुकुम्वासीहरुको विवरण संकलन गरि १०९७ फारामहरु अनलाइन इन्ट्री गर्ने कार्य सम्पन्न भएको साथै **नापजाँचको लागि आबस्यक सर्भेको काम गरि ८७ वटा नियन्त्रण बिन्दु स्थापना गर्ने कार्य गरिएको ।** | |

# व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमका केहि झलकहरु :












| | | |
|---|---|---|
| **अन्य प्रगती** | राजस्व संकलन कार्यलाई प्रभावकारी वनाउन सफ्टवेयर जडान गरिएको । | |
| | स्थानीय सरकारबाट प्रवाह भएको सेवा, विभिन्न क्षेत्रगत कार्यहरुका सम्बन्धमा नागरिकका जनगुनासो तथा सुझाव संकलन गर्न सवै वडाहरुमा २ पटक सार्वजनिक सूनुवाई कार्यक्रम सञ्चालन गरिएको । | |
| | गाउँपालिका स्तरीय खानेपानी क्षेत्रको विकासको लागि वास प्लान निर्माण गरिएको । | |

# चालु आ.व.मा निर्माण गरिएका ऐन,नियमावली,निर्देशिका तथा कार्यविधिहरु

| क.सं. | विवरण | पारित भएको मिति | प्रकाशित मिति |
|---|---|---|---|
| १ | स्थानीय तहको उपभोक्ता समिती गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९ | २०७९/९/१२ | २०७९/९/१५ |
| २ | करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७९ | २०७९/९/१२ | २०७९/९/१५ |
| ३ | स्वास्थ्य संस्था दर्ता, अनुमती तथा नविकरण निर्देशिक,२०७९ | २०७९/९/१२ | २०७९/९/१५ |
| ४ | लैगिक समानता तथा सामाजिक समावेशिकरण नीति तथा रणनीतिक योजना(२०७९।८० - २०८३।८४) | २०७९/९/१२ | २०७९/९/१५ |
| | त्रिवेणी गाउँपालिकाको जलस्रोत तथा खानेपानी मुहान दर्ता | | |

| | | | |
|---|---|---|---|
| | **त्रिवेणी गाउँपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७९** | २०७९/१२/२१ | २०७९/१२/२५ |
| ७ | त्रिवेणी गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९ | २०७९/१२/२१ | २०७९/१२/२५ |
| ८ | विद्यालय अनुदान सहायता कार्यविधि, २०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| ९ | त्रिवेणी गाउँपालिकाको महिला सहकारी तथा समूहमा वहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम संचालन कार्यविधि,२०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| १० | त्रिवेणी गाउँपालिकाको लैंगिक हिंसा निवारण कोष सन्चालन मापदण्ड,२०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| ११ | त्रिवेणीगाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्यविधि,२०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| १२ | त्रिवेणी गाउँपालिकाको महिला विकास कार्यक्रम सन्चालन कार्यविधि,२०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| १३ | त्रिवेणी गाउँपालिका अन्तरगत रहने विषयगत समितिको गठन तथा सन्चालन कार्यविधि, २०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| १४ | त्रिवेणी गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जूमा समितिको कार्य संचालन कार्यविधि, २०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |
| १५ | त्रिवेणी गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्य संचालन कार्यविधि,२०८० | २०८०/०३/०८ | २०८०/०३/१५ |

# प्रमुख समस्या तथा समाधानका लागि गरिएका प्रयास

| क्र. स. | प्रमुख समयाहरु | समस्या समाधानका लागि चालिएका कदमहरु | सुझावहरु |
|---|---|---|---|
| १ | जनशक्ति अभाव | कतिपय कर्मचारी करारमा नियूक्ती गरिएको | संघीय निजामति सेवा ऐन, प्रदेश कानून तर्जुमा गरी कर्मचारी व्यवस्थापन गर्नुपर्ने । |
| २ | कार्यालय भवनको अभाव | प्रशासकीय भवन निर्माणाधिन अवस्थामा रहेका, वडा कार्यालय भवनका लागि जग्गा व्यवस्था भईरहेको | निर्माणाधिन भवन छिटो सम्पन्न गर्ने र अन्य वडा कार्यालयका भवनका लागि स्रोत, जग्गा आदिको व्यवस्था गर्ने । |

# धन्यवाद

# केहि  जिज्ञासा तथा सूझाव…?